जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ | अंक ३१ | २०८० साल भदौ ७ गते बिहीबार (24 Aug. 2023 Thursday) | मूल्य रु. ५/-




**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : समसामयिक विषयमा ... ३ पृष्ठमा : एमसिसी सम्झौता भदौ १३ ... ३ पृष्ठमा :तुइनमा अड्किएका सबैको...

# आत्महत्याका घटना बढ्दो

**दैनिक समाचारदाता**
**राजविराज, ६ भदौ ।**

सप्तरीमा आत्महत्याका घटना पुनः बढ्दै गइरहेको छ । पछिल्लो सात दिनको अवधीमा जिल्लामा चार जनाले आत्महत्या गरेको प्रहरीको तथ्याङ्कले देखाएको छ ।

जिल्लामा आ.ब. २०७९/२०८० मा १ सय ६ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्कले देखाएको छ । त्यस्तै आ.ब. २०७८/२०७९ मा १ सय ३६ जना र आ.ब. २०७७/२०७८ मा १ सय १५ जनाले आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्कमा उल्लेख छ ।

आर्थिक समस्यादेखि प्रेम सम्बन्ध, घरायसी तनाव, श्रीमान श्रीमतीबीच आपसी असमझदारी, असफलता, वेरोजगारी, ऋणको भार लगायतका कारणले आवेशमा आई आत्महत्याको बाटो रोज्ने गरेको पाइएको भन्दै प्रहरीले यसको न्यूनिकरणका लागी सचेतना अभियान चलाए पनि आत्महत्याको दर बढ्ने क्रम नरोकिनु दुःखद छ ।

पछिल्लो पटक बुधबार खडक नगरपालिका वडा नं. ८ मुसहरनिया निवासी गोविन्द मण्डलकी १९ वर्षिया श्रीमती सरस्वती कुमारी झुण्डिएको अवस्थामा मृत फेला परेकी छिन् ।

आफ्नै कोठाको दलिनमा साडीको पासो लगाई झुण्डिएको अवस्थामा उनको मृत शरीर फेला परेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिहले उनको शव पोस्टमार्टमका लागी अस्पताल पठाई थप अनुसन्धान थालिएको जानकारी दिए ।

केही दिन अघि मात्र नवविवाहिता सरस्वतीको विवाह भएको थियो । गोविन्दसँग वैवाहिक जीवनमा बाँधीएकी सरस्वतीले के कुन कारणले त्यस्तो गरेकी होलान भन्ने विषयमा समेत अनुसन्धान थालिएको प्रहरीको भनाई छ ।

सरस्वतीका आफन्तले घट्नाको गहिरो अनुसन्धान हुनु पर्ने माँग गरेका छन् । घरायसी विवादका कारण आवेशमा आई आत्महत्याको बाटो रोजेको हुन सक्ने अनुमान स्थानीयले गरेका छन् ।

यस्तै पाँच दिन अघि मात्र राजविराज नगरपालिका १ डुमरी शिवथानकी २८ वर्षिया पुष्पा यादव, हनुमाननगर कंकालिनी नगरपालिका १ का १६ वर्षिय दिपककुमार साह र कंचनरुप नगरपालिका ४ कविलासाका १७ वर्षिय घनश्याम मण्डल आ-आफ्नै कोठामा सिलिङ्ग फ्यानमा झुण्डिएको अवस्थामा मृत फेला परेका थिए ।

तीनै जनाले घरायसी विवादका कारण आत्महत्या गरेको निष्कर्षसहित प्रहरीले अनुसन्धान जारी राखेको वेला एक साता भित्रै त्यस्तै प्रकृतिको चौथो घट्नाले स्थानीय र प्रहरीलाई चिन्तित तुल्याएको छ । घर परिवार र समाजले बेलैमा ध्यान दिएर सकारात्मक ढंगले समाधानको प्रयास गरे आत्महत्याका घट्ना न्युनीकरण गर्न ठुलो बल पुऱ्याउने सुझाव समेत दिएका छन् ।

# भन्सार छलेर ल्याउँदै गरेको लाखौं मुल्य बराबरको सामानसहित गाडी र चालक प्रहरी नियन्त्रणमा

**दैनिक समाचारदाता**
**राजविराज, ६ भदौ ।**

भारतबाट नेपालतर्फ भन्सार छलेर स्कारपियो गाडीमा ल्याउँदै गरेको लाखौं मुल्य बराबरको विभिन्न सामानहरु प्रहरीले बरामद गरेको छ ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार सप्तरीको बोदेबर्साईन नगरपालिका वडा न. ३ कुसमहारमा प्रहरीको गस्ति टोलिले भारतबाट नेपालतर्फ भन्सार छलेर को.१च.६९९० न. को स्कारपियोमा ल्याउँदै गरेको ८ लाख ८ हजार ७ सय मुल्य बराबरको सामानहरु बरामद गरेको हो ।

प्रहरीले सामानसहित स्कारपियो र चालक सप्तरीको हनुमाननगर कंकालनि नगरपालिका १ भारदह बस्ने ३५ वर्षिय दिपेन्द्र कुमार दाससमेतलाई नियन्त्रणमा लिएको छ । बरामद गरिएको सामानहरुमा लेडिज ब्रा, सारिको फल्स, रुमाल ९२ पिस, लेडिज भेष्ट, सिन्दुर, हातमा लगाउने चुडा, क्रिम, गला सेट, कपाल बान्ने फुल, प्लास्टिकको वायर, प्लास्टिकको फुल, प्लास्टिको पाईप, झुम्का, लेस, मोति, माला, अङगुठी, कपालमा लगाउने चिम्टी, घाँटिमा लगाउने सिक्री, कानको टप, कानको बाली, कानको झुम्का, प्लास्टिकको रिङ, रङ, प्लाष्टिकको जाली रहेको छ ।

बरामद गरिएको सामानको अन्दाजी मुल्य ८ लाख ८ हजार ७ सय रहेको तथा सामान, गाडी र चलाकसमेतलाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय बोदेबर्साईनमा राखिएको प्रहरीले जनाएको छ ।

# सुन तस्करीको छानबिन गर्न उच्चस्तरीय आयोग गठन हुने

काठमाडौं, ६ भदौ (रासस) ।

संसद्मा प्रतिनिधित्व गर्ने राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले हालसम्म भएका सुन तस्करीको छानबिनका लागि उच्चस्तरीय आयोग गठन गर्न सहमत भएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बुधबार बसेको राष्ट्रिय मान्यता प्राप्त दलहरूको बैठकले आगामी महिना उक्त आयोग गठन गर्न सहमत भएका हुन् । सहमति पत्रमा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने विभिन्न सात राजनीतिक दलका प्रमुख सचेतकले हस्ताक्षर गर्नुभएको छ ।

सुनलगायतका सामग्री पटक पटक तस्करी भई मुलुकभित्र आइरहेको विषयलाई गम्भीरतापूर्वक लिई स्वतन्त्र एवम् निष्पक्ष छानबिन गर्न र यस्तो तस्करीजन्य विषयका सम्बन्धमा भएका अध्ययनसमेत गरी सुझाव सहितको प्रतिवेदन पेस गर्न जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम आगामी असोज ५ गते सरकारले आयोग गठन गर्ने र त्यसै दिनदेखि कार्य प्रारम्भ गर्ने सहमति भएको छ ।

गत साउन ३ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरबाट बाहिरिएको सुन राजस्व अनुसन्धान विभागले सिनामङ्गलबाट बरामद गरेको थियो । सुन प्रकरणलाई लिएर गत साउन १० गतेदेखि प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले लगातार सदनमा अवरोध गर्दै आएको थियो । बुधबारको सहमतिपछि अब सदनको अवरोध हट्ने विश्वास लिइएको छ ।

आयोगले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले गरिरहेको कामलाई कुनै प्रभाव नपार्ने विश्वास लिइएको छ । आगामी महिना गठन हुने आयोगले नीतिगत रूपमा गर्नुपर्ने सुधार तथा सुझावसमेत सरकारलाई दिनेछ । सहमतिअनुसार केन्द्रीय अनुसन्धान ब्यूरोले नै निष्पक्ष अनुसन्धान, छानबिन गरी सुन तस्करीमा संलग्नलाई कारबाहीको दायरामा ल्याउने र अभियोजन गर्नेछ ।

सहमतिपत्रमा नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक, नेकपा (एमाले)का प्रमुख सचेतक पदम गिरी, नेकपा (माओवादी केन्द्र)का मुख्य सचेतक हितराज पाण्डे, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियार, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर शाही, जनता समाजवादी पार्टीका प्रमुख सचेतक प्रदीप यादव र जनमत पार्टीका प्रमुख सचेतक अब्दुल खानले हस्ताक्षर गर्नुभएको छ ।

बैठकमा प्रधानमन्त्री दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली लगायतका शीर्ष नेताको सहभागिता थियो ।

# संसद विकास कार्यक्रमलाई रोक्न सर्वोच्च अदालतले अन्तरिम आदेश

**दैनिक समाचारदाता**
**काठमाडौं, ६ भदौ ।**

सरकारले चालू आर्थिक वर्षको बजेट मार्फत निर्वाचन क्षेत्र विकास कार्यक्रम भनेर ल्याएको संसद विकास कार्यक्रमलाई रोक्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ ।

अर्थमन्त्री डा प्रकाशशरण महतले ल्याएको आर्थिक वर्ष २०८र८१ को बजेटमा प्रत्येक निर्वाचन क्षेत्रका लागि पाँच करोड रुपैयाँ विनियोजन गरिएको छ ।

त्यसलाई कार्यान्वयन नगर्न सर्वोच्चको संवैधनिक इजलासले अन्तरिम आदेश दिएको हो ।

प्रधानन्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठ नेतृत्वको संवैधानिक इजलासका न्यायाधीशहरु ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमान सिंह राउतको इजलासले यस्तो आदेश जारी गरेको हो ।

सर्वोच्चको आदेशमा भनिएको छ, 'संघीय र प्रदेश व्यवस्थापिकाको मूल कार्य व्यवस्थापिकीय प्रकृतिको कार्य नै हुने देखिन्छ । संघीय सांसद वा प्रदेश सभा सदस्यहरूलाई कार्यकारिणी प्रकृतिको कार्य गर्ने जिम्मेवारी प्रदान गरेको देखिँदैन । यस स्थितिमा राष्ट्रिय योजना आयोग वा प्रदेश योजना आयोग वा सम्बन्धित मन्त्रालयको सिफारिसमा नपरेका विषयमा संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमका नाममा सांसद आफैले आफ्नो संसदीय निर्वाचन क्षेत्रको पूर्वाधार विकासको नाममा रकम छुट्याउँदा स्वार्थ बाझिने अवस्था पनि रहन्छ ।'

यस प्रकारको विकास निर्माणको कार्यले सुशासनलाई प्रवर्द्धन गर्छ भन्ने निश्चिन्त हुने अवस्था समेत नरहेको सर्वोच्चको ठहर छ ।

'आर्थिक वर्ष २०८०र८१ को बजेट वक्तव्यको बुँदा नं ४४५ को व्यवस्था र सो व्यवस्था कार्यान्वयनको लागि बनेको विनियोजन ऐन, २०८० का व्यवस्था समान उद्देश्यले प्रतिनिधित्व गर्ने प्रतिनिधिसभाका समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित प्रतिनिधिसभाका सदस्यहरु र राष्ट्रिय सभाका सदस्यका बीच फरक मापदण्ड अपनाएको समेत देखिन्छ', संवैधानिक इजलासको आदेशमा भनिएको छ, 'विकास योजना निर्माण र कार्यान्वयन सम्बन्धी स्वीकृत अभ्यास र मान्यता प्रतिकूल हुने गरी सीमित आर्थिक क्षमता रहेको मुलुकमा राष्ट्रिय ढुकुटीको ठूलो हिस्सा अर्थात् संघ र प्रदेश समेतबाट अरबौं रकम केही खास जनप्रतिनिधिहरुको वैयक्तिक तजविजमा खर्च गर्नु योजनाबद्ध विकासको अवधारणा तथा सुशासनको मान्यता अनुकूल हुने देखिँदैन ।

*बाँकी अन्तिम पृष्ठमा*

## आँखा पाक्ने रोगबाट बच्ने उपाय

- संक्रमित व्यक्तिको सम्पर्कमा नजाने,
- संक्रमण भएको छ भने भीडभाडमा नजाने,
- संक्रमित व्यक्तिले प्रयोग गरेका टावेल, रुमाल, सिरानी, तन्ना जस्ता वस्तुको प्रयोग नगर्ने,
- जथाभावी आँखा नछुने, छुनैपर्ने भएमा छुनु अघि वा छोइसकेपछि साबुन पानीले राम्रोसँग हात धुने,
- व्यक्तिगत सरसफाइमा ध्यान दिने।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विकासका सम्भावनालाई पहिचान गर्न ढिलाई नगरौं

नेपालकै पुराना नगरपालिका मध्येको एक राजविराज नगरपालिकाले विकासको फड्को मार्ने अवस्थामा रहेको छ । अहिले विभिन्न सडकहरुको निर्माण, अतिक्रमण हटाउने कार्यहरु पहिलो प्राथमिकताका साथ अगाडी बढीरहेको छ । यस बाहेक थुप्रै विकासका सम्भावनाहरु पनि छन् । यी सम्भावनाहरुलाई मूर्त रुप दिन ठोस योजना र दूरदर्शिताका अभाव रहेको छ । कुनै स्थानको विकास हुनुमा सबै भन्दा पहिले जनप्रतिनिधिहरुको ठोस निर्णयलाई स्थानीयवासीले सहयोग पुर्‍याउनु हो । अनि मात्र विकासको बाटोले एक खुड्किला पार गर्दछ ।

यस बाहेक कृषि प्रधान जिल्लाका रुपमा परिचित सप्तरीमा कृषिलाई लक्षित गरेर दीर्घकालीन र ठोस योजना आउन नसक्नु विकासकै दृष्टिकोणले विडम्बनापूर्ण छ । वर्षौंदेखि अविकसित रुपमा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रको स्तरोन्नति हुन नसक्नु पनि विकासको वाधक हो । यसबाहेक जिल्ला स्थित विभिन्न भौतिक संरचनाहरुको अधुरो कार्यले निरन्तरता नपाउनु पनि हो । जिल्लामा भएका पर्यटकीय सम्भावनाहरुलाई सूचीकृत गरी त्यसको आन्तरिक एवं बाह्य पर्यटकीय दृष्टिले विकास नहुनु पनि हाम्रा लागि दुःखद हो ।

तसर्थ जिल्लाका सम्भावनाहरुका बारेमा सबै स्थानीय तहहरुले एकीकृत रुपमा छलफल गरी विकासका ठोस र दीर्घकालीन योजनाका साथै अघि बढे मात्र जिल्लाको विकास सम्भव हुने कुरामा दुईमत नहोला ।

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

काठमाडौँ, ६ भदौ (रासस) ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरुले बाढी, पहिरो, सडक दुर्घटनालगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

झण्डै एक महिनापछि बुधबार बसेको प्रतिनिधिसभाको बैठकको विशेष समयमा सांसदहरुले विपद्जन्य घटनाका पीडितलाई राहत र पुनःस्थापनाको व्यवस्था गर्न माग गर्नुभएको हो । बैठकमा नेपाली कांग्रेसका सांसद शङ्कर भण्डारीले हालैको अविरल वर्षाबाट तनहुँको सुक्ला गण्डकी वडा नं ४ र ८ मा पर्ने पुल्चोक बस्तीमा सेती नदिको बाढी पसेर करिब २४ घरपरिवार विस्थापित भएकोप्रति सरकारको ध्यानाकर्षण गराउँदै विस्थापित परिवारलाई तत्काल पुनःस्थापनको माग गर्नुभयो ।

साथै, उहाँले हालै धरानमा गोरु काटेर सामूहिक भोज गरेको घटनाप्रति ध्यानाकर्षण जनाउँदै सामाजिक सद्भाव खलल पार्ने सबैखाले गतिविधि अन्त्य हुनुपर्नेमा जोड दिनुभयो । नेपालको कानुनले शान्तिपूर्ण ढङ्गले आफ्नो धर्म र परम्परा मान्न पाउने व्यवस्था गरेको भन्दै सामाजिक सद्भाव र धार्मिक भेदभावजन्य घटनाको निराकरणका लागि सबै गम्भीर हुनुपर्ने बताउनुभयो ।

नेकपा (माओवादी केन्द्र) का सांसद देवेन्द्र पौडेलले बागलुङ, म्याग्दी र पर्वतका नागरिक बस दुर्घटनामा परेर मृत्यु हुने नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा गहिरो समवेदना व्यक्त गर्नुभयो । उहाँले यस प्रकारका दुर्घटना नियन्त्रणका लागि गृह प्रशासनको ध्यानाकर्षण गराउनुभयो । सांसद पौडेलले सदन खोल्नु सबैका लागि गौरवको कुरा रहेको भन्दै संसद्बाटै सबै समस्याको समाधान हुने विश्वास व्यक्त गर्नुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति एवं सांसद रवि लामिछानेले लामो समयसम्म संसद् अवरुद्ध हुँदा महत्त्वपूर्ण विधेयक उल्झनमा परेको बताउनुभयो । उहाँले मुलुकको अर्थतन्त्रलाई उकास्ने विषयभन्दा भावनाका कुरा बढी गरिएकाले अहिले अर्थतन्त्रमा नकारात्मक धारणा पैदा भएको जिकिर गर्नुभयो । उहाँले संसद्लाई निरन्तरता दिएर जनसरोकारका विषय नियमित छलफल गरिनुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले ललिता निवास जग्गा प्रकरणका मुख्य दोषीलाई पक्राउ नपरेको आरोप लगाउनुभयो । उहाँले पछिल्ला दिनमा सामाजिक सद्भाव र धार्मिक सहिष्णुता खलबलिने गरी भइरहेका गतिविधिप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

जसपाका प्रमुख सचेतक प्रदीप यादवले लामो समयदेखि अवरुद्ध संसद् सञ्चालन गराउन भूमिका खेल्ने प्रधानमन्त्रीसहित, प्रमुख प्रतिपक्षीलगायत विभिन्न राजनीतिक दललाई धन्यवाद व्यक्त गर्नुभयो ।

सरकारले सीमावर्ती क्षेत्रबाट रु एक सय माथिको सामानमा कर लगाउने निर्णय अव्यावहारिक रहेको भन्दै यसले जनता र प्रहरी प्रशासनबीच दूरी बढाएको दाबी गर्दै उहाँले उक्त निर्णय परिवर्तन गर्न माग गर्नुभयो । सचेतक यादवले देशभर डङ्गुको प्रकोप बढ्दै गएको र मधेस प्रदेशका धेरै जिल्लामा यो फैलिएको भन्दै रोक नियन्त्रणका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेकपा (एकीकृत समाजवादी)का सांसद मेटमणि चौधरीले भ्रष्टाचारी र तस्करीलाई कानुनी दायरामा ल्याएर सुशासन प्रवर्द्धनमा सरकारले खेलेको भूमिकाको प्रशंसा गर्नुभयो । उहाँले जनचासोका मुद्दालाई समयमै सम्बोधन गरिनुपर्ने धारणा राख्नुभयो । उहाँले ललिता जग्गा प्रकरण, सुन तस्करीलगायतका घटनालाई नियन्त्रण गरी दोषीलाई कानुनी दायरामा ल्याउन सरकारसमक्ष माग गर्नुभयो ।

जनमत पार्टीका प्रमुख सचेतक अब्दुल खानले संविधानले व्यवस्था गरेको व्यवस्थाबमोजिम सरकारले मुलुकमा सुशासन प्रवर्द्धनका लागि लिएको पहलकदमीको प्रशंसा गर्नुभयो । उहाँले सीमावर्ती क्षेत्रमा जनताले निकै शास्ती भोग्नुपरेको गुनासो गर्नुभयो । किसानले उत्पादन गरेको तरकारीलगाय वस्तु झन्सारले जफत गर्ने र दुःख दिने काम गरिरहेको भन्दै उहाँले त्यस्ता कार्यलाई नियन्त्रण गराउनेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का सांसद सर्वेन्द्रनाथ शुक्लाले देशभित्रै सीपमूलक जनशक्ति उत्पादन गरेर विदेशमा पठाउँदा सम्मानजनक रोजगारी सिर्जना हुने भन्दै त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । अहिले स्टाफ नर्सको पनि विदेश ताक्नुपर्ने बाध्यता रहनुले देशका दुर्गम भेगमा नर्स र चिकित्सक अभावमा स्वास्थ्य अवस्थाको अवस्था दूरावस्थामा रहेको उहाँले उल्लेख गर्नुभयो ।

नागरिक उन्मुक्ति पार्टीका प्रमुख सचेतक सांसद गङ्गाराम चौधरी डरौलाले संसद् लामो समय अवरुद्ध हुँदा सांसदहरुले क्षेत्रगत र विषयगत सदनमा राख्न नसकेको गुनासो गर्नुभयो । उहाँले कैलाली, बर्दियालगायत क्षेत्रमा आएको बाढीले विस्थापित परिवारले अझै पनि उचित राहत र क्षतिपूर्ति नपाएको भन्दै विस्थापित परिवारलाई तत्काल बसोबासको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष एवं सांसद चित्रबहादुर केसीले मुलुकमा अप्ठ्यारो परिस्थिति जनताले भोगिरहेका बेला लामो समय संसद् अवरोध खुल्नु राम्रो कुरा भएको भन्दै संसद् अवरोध गर्नेमाथि छानबिन गरिनुपर्ने माग गर्नुभयो ।

उहाँले बाढीपहिरोबाट जनधनको क्षति भएको, महँगीले जनताको ढाँड सेकिएकोलगायत विषयमा संसद्मा छलफल गर्नुपर्ने जनप्रतिनिधिको थलो संसद्लाई बन्दकी बनाएर राजनीतिक बेइमानी गरिएको आरोप लगाउनुभयो ।

# चिकित्सा शिक्षा ऐन तथा नियमावली संशोधन गर्न माग

काठमाडौँ, ६ भदौ (रासस) ।

निजी प्राविधिक शिक्षालय सञ्चालकले चिकित्सा शिक्षा ऐन तथा नियमावलीमा भएको केही प्रावधानलाई संशोधन गर्न माग राखेका छन् । सो ऐन तथा नियमावली एवं चिकित्सा शिक्षासँग सम्बन्धित समस्या सम्बोधन हुनुपर्ने माग गर्दै उनीहरू धर्नामा समेत बस्दै आएका छन् ।

ती मागको विषयमा सरकारसँग पटक पटक छलफल भए पनि सहमति भने हालसम्म भएको छैन । चिकित्सा शिक्षा ऐन तथा नियमावलीलाई संशोधन गर्नुपर्ने, नर्सिङ शिक्षामा देखिएको समस्या समाधान गर्नुपर्ने, नर्सिङ कलेज सञ्चालनका लागि एक सय शय्याको अस्पताल हुनुपर्ने व्यवस्थामा परिमार्जन गर्नुपर्ने लगायतको मुख्य माग उनीहरूको रहेको छ ।

सो ऐन तथा नियमावलीमा भएको व्यवस्थाले मुलुकभरका केही नर्सिङ तथा अन्य शैक्षिक संस्था बन्द हुँदा अर्बौं रुपैयाँ लगानी डुबेको आन्दोलरत शिक्षालय सञ्चालकको भनाइ छ ।

विगतमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) अन्तर्गत सञ्चालनमा रहेका शिक्षालयलाई चिकित्सा शिक्षा ऐन तथा नियमावलीले अप्ठ्यारोमा पारेको सङ्घर्ष समितिका संयोजक निर्मल सापकोटाले जानकारी दिनुभयो । चिकित्सा शिक्षा ऐन २०७५ सालमा जारी भएको थियो । सोही ऐनका आधारमा २०७८ सालमा नियमावली आएको थियो । सो ऐनमा स्नातक तहको नर्सिङ कार्यक्रम सञ्चालन गर्ने शिक्षालयको दुई वर्षभित्र एक सय शय्याको आफ्नै अस्पताल हुनुपर्ने व्यवस्थागरिएको छ ।

उक्त ऐन आउनुअघि नर्सिङ कलेजलाई एक सय शय्याको आफ्नै अस्पताल नभए पनि अन्य अस्पतालसँग सम्झौता गरेर पठनपाठन सञ्चालन गर्न सकिने प्रावधान थियो । उक्त व्यवस्था कार्यान्वयन गर्न कठिन हुने उहाँले बताउनुभयो ।

नियमावली कार्यान्वयनमा आएपछि मुलुकभरका दुई सय २८ शिक्षालय बन्द भइसकेको संयोजक सापकोटाले जानकारी दिनुभयो । "चिकित्सा शिक्षा आयोगले तोकेको शुल्कका आधारमा औसत शुल्क प्रतिविद्यार्थी रु पाँच लाख ४३ हजारका दरले हिसाब गर्दा वार्षिक रु ७२ करोड ५४ लाख ४८ हजार बराबरको छात्रवृत्ति खेर गएको छ," उहाँले भन्नुभयो, "शैक्षिक संस्था बन्द हुँदा करिब रु १५ अर्ब लगानी डुबेको छ । सात हजारभन्दा बढी शिक्षक र कर्मचारीले रोजगारी गुमाएका छन् ।" विगतमा सिटिइभिटी ऐनअनुसार सञ्चालन भइरहेका यी शिक्षालय सञ्चालनका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ ले नयाँ व्यवस्था गरेपछि समस्या परेको सङ्घर्ष समितिका संयोजक सापकोटाले जानकारी दिनुभयो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# एमसिसी सम्झौता भदौ १३ गतेदेखि लागू गर्ने निर्णय

काठमाडौँ, ६ भदौ (रासस)।

अर्थ मन्त्रालय र अमेरिकी सरकारअन्तर्गतको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बीच छ वर्षअघि भएको मिलेनियम च्यालेन्ज सम्झौता (कम्प्याक्ट) को पूर्णरूपमा लागू हुने मिति (इन्ट्री इन टु फोर्स-इआइएफ) तोकिएको छ।

गत साउन ३१ गते बसेको मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसीए-नेपाल) को सञ्चालक समिति बैठकले भदौ १३ लाई इआइएफ मिति तोकेको एमसीए नेपालले राससलाई जानकारी दिएको छ।

एमसिसी नेपाल कम्प्याक्टअन्तर्गत कार्यान्वयन हुने विद्युत् प्रसारणलाइन र सडक निर्माणसम्बन्धी आयोजनाको काम इआईएफ मिति घोषणा भएको पाँच वर्षभित्रमा सम्पन्न गरिसक्नुपर्नेछ। यसरी पाँच वर्ष गणना थालिने अवधि यही भदौ १३ गतेलाई तोकिएको हो।

"एमसीए-नेपाल सञ्चालक समितिले एमसिसी नेपाल कम्प्याक्ट कार्यक्रमलाई २०८० साल भदौ १३ गते कार्यान्वयन चरणमा प्रवेश (इआइएफ) गराउने निर्णय गरेको छ", एमसीए-नेपालले भनेको छ, "जग्गा प्राप्ति तथा मुआब्जा वितरणसम्बन्धी केही कार्य सम्पन्न गर्न बाँकी रहेको छ तर एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रमलाई कार्यान्वयनमा प्रवेश गराइसकेपछि र छनोट भएका निर्माण कम्पनीलाई कार्यस्थलमा पहुँच आवश्यक हुने हुँदा निकै अघि नै ती कार्य सम्पन्न गरिनेछ।"

अमेरिकी अनुदानसम्बन्धी यो सम्झौतामा हस्ताक्षर भएदेखि लागू हुने अवस्थासम्म आइपुग्न छ वर्ष लागेको छ। अर्थ मन्त्रालय र एमसिसीबीच २०७४ भदौ २९ (२०१७ सेप्टेम्बर १४) मा भएको सम्झौता २०७८ फागुन १५ गतेको संसद् बैठकबाट १२ बुँदे व्याख्यात्मक घोषणासहित अनुमोदन भएको थियो।

कम्प्याक्टअनुसार इआइएफपछि एमसीसी लागू हुने पाँच वर्षे अवधिको गणना सुरु हुन्छ। सुरुआती सम्झौतामा २०७७ असार १६ गते (२०२० जुन ३०) देखि इआइएफ सुरु हुने भनिएको थियो तर एमसिसी कम्प्याक्ट संसद्बाट अनुमोदन गर्ने विषय लामो समयसम्म विवादित बन्दा र कम्प्याक्ट लागू हुनुअघि पूरा गरिसक्नुपर्ने भनिएका काम समयमै नसकिँदा इआइएफ मिति घोषणामा ढिलाइ भएको हो। इआइएफका लागि पूर्वसर्तका रूपमा रहेको जग्गा प्राप्ति भने अझै बाँकी छ। इआइएफअघि पूरा गर्नुपर्ने भनिएका छ वटा पूर्वसर्तमध्ये जग्गा प्राप्तिबाहेकका पाँचवटा सर्त पूरा भइसकेका छन्।

एमसीसी कार्यक्रम कार्यान्वयनका लागि सम्झौतामा हस्ताक्षर गर्ने, यो परियोजनालाई राष्ट्रिय गौरवको आयोजना घोषणा गर्ने, नियामक निकायका रूपमा विद्युत् नियमन आयोग गठन गर्ने र बुटवल-गोरखपुर प्रसारणलाइन निर्माणमा भारतको सहमति लिनुपर्ने पूर्वसर्त पूरा भइसकेका छन्। अर्को पूर्वसर्तका रूपमा रहेको जग्गा प्राप्तिसम्बन्धी प्रक्रिया पर्याप्त र सन्तोषजनक रूपमा अगाडि बढिसकेको अवस्थामा इआइएफमा प्रवेश गर्दा हुने समझदारी एमसिसीसँग भएको आधारमा इआइएफको मिति तोकिएको एमसीए नेपालले जनाएको छ।

एमसीए-नेपालअन्तर्गत बन्ने विद्युत् प्रसारण आयोजनाका लागि कूल एक हजार चार सय ७१ हेक्टर र नुवाकोटमा निर्माण गरिने रातामाटे सबस्टेशनका लागि करिब २० हेक्टर क्षेत्रफल जग्गा आवश्यक पर्छ। प्रसारणलाइनमा पर्ने करिब आठ सय ५६ वटा विद्युत् प्रसारण टावर बनाउन एक सय चार हेक्टर जग्गा आवश्यक पर्नेछ भने भोगाधिकार क्षेत्रअन्तर्गत एक हजार तीन सय ४७ हेक्टर जग्गा रहेको छ। सबस्टेशनका लागि चाहिने जग्गाको विवाद बाँकी रहेको र प्रसारणलाइनका लागि चाहिने जग्गाको मुआब्जा वितरणको काम केही स्थानमा सुरु भइसकेको एमसीए-नेपालले जनाएको छ।

पारिवारिक विवाद रहेको एक कित्ता जग्गाबाहेक रातामाटे सबस्टेशनका लागि आवश्यक सम्पूर्ण जग्गाको मुआब्जा वितरण गरिसकिएको छ। अहिले विद्युत् प्रसारण टावर निर्माणका लागि चाहिने जग्गा प्राप्ति र भोगाधिकार क्षेत्रमापर्ने जग्गासम्बन्धी प्रारम्भिक कानूनी प्रक्रिया अगाडि बढिरहेको र केही स्थानमा मुआब्जा वितरणको काम पनि सुरु भइसकेको एमसीए नेपालको भनाइ छ।

**नेपाललाई छ करोड ७० लाख अमेरिकी डलर दायित्व थपियो**

एमसीए-नेपालअन्तर्गत हुने खर्चमा नेपाल सरकारले बेहोर्नुपर्ने दायित्वको अंश सुरुआती सम्झौताको तुलनामा बढेको छ। सुरुआती सम्झौतामा एमसिसी परियोजनाका लागि कूल ६३ करोड अमेरिकी डलर बराबर लागत अनुमान गरिएको थियो। जसमध्ये ५० करोड अमेरिकी डलर एमसिसी अनुदान र १३ करोड अमेरिकी डलर नेपाल सरकारले बेहोर्ने कम्प्याक्टमा उल्लेख छ तर गत जेठ ९ गतेको मन्त्रिपरिषद् बैठकले 'नेपाल र एमसिसीबीच सम्पन्न सम्झौता संशोधन गरी नेपाल सरकारको योगदान वृद्धि गर्न स्वीकृति दिने' निर्णय गरेको थियो।

मन्त्रिपरिषद्को उक्त निर्णयपछि नेपाल सरकारले बेहोर्ने दायित्व छ करोड ७० लाख अमेरिकी डलर थप भई १९ करोड ७० लाख अमेरिकी डलर पुगेको छ। यसरी समग्र परियोजनामा हुने खर्चको अनुमानसमेत ६३ करोड अमेरिकी डलरबाट बढेर ६९ करोड ७० लाख अमेरिकी डलर पुगेको छ।

एमसीए-नेपालअन्तर्गत हुने कूल खर्चमा नेपाल सरकारले बेहोर्नुपर्ने दायित्वको अनुपात यसअघि २० दशमलव ६३ प्रतिशत रहेकोमा अब बढेर २८ दशमलव २६ प्रतिशत पुगेको छ। परियोजनामा नेपालले बेहोर्नुपर्ने गरी पछिल्लो पटक थपिएको दायित्व करिब रु नौ अर्ब बराबर हो।

एमसीएअन्तर्गतका आयोजनामा खर्च हुने गरी चालु आर्थिक वर्षका लागि सरकारले रु १० अर्ब ८४ करोड १७ लाख बराबरको बजेट विनियोजन गरेको छ। सोमध्ये विद्युत् प्रसारण आयोजनातर्फ रु आठ अर्ब ७७ करोड ६३ लाख ६६ हजार, सडक मर्मत आयोजनातर्फ रु एक अर्ब ५० करोड ७६ लाख ५३ हजार, अनुगमन तथा मूल्याङ्कनतर्फ २१ लाख ९३ हजार र कार्यक्रम प्रशासनतर्फ रु ५५ करोड ५४ लाख ८८ हजार बराबर विनियोजन गरिएको छ।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्वन्धीत निकायमा तुरुन्त खवर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

## विश्व समाचार

### तुइनमा अड्किएका सबैको सकुशल उद्धार

इस्लामावाद, ६ भदौ (रासस/एएफपी)।

पाकिस्तानको खैवरपख्तुनख्वा प्रान्तको एक विकट पहाडी गाउँबाट विद्यालय जाने क्रममा तुईनमा अड्किएका दुई जना वयस्कसहित छ जना बालबालिकाको सात घण्टापछि सकुशल उद्धार गरिएको छ।

पाकिस्तानी सेनाका कमाण्डोले कठोर परिश्रम एवं सैन्यकौशल प्रदर्शन गर्दै हेलिकप्टर प्रयोग गरेर समुद्र सतहबाट एक हजार दुई सय फिटको उचाइमा अड्किएको तुईनबाट उनीहरूको उद्धार गरेका हुन्।

एउटा डोरीमा अड्किएको तुइनको नजिक हेलिकप्टर उडाउँदा त्यसका पखेँटाले डोरी काटिने जोखिमलाई दृष्टिगत गरी चालक दल र कमाण्डोले उद्धार कौशल प्रदर्शन गरेका थिए।

सेनाले अति जोखिमपूर्ण काम सफलतापूर्वक सम्पन्न गरेकामा कामचलाउ सरकारका प्रधानमन्त्री अन्वर उल अक ककारले सैनिक अधिकृतहरुप्रति बधाई ज्ञापन गर्नुभएको छ।

"सामूहिक कार्यभावनाबाट प्रेरित भएर उद्धारमा सङ्लग्न सेना, स्थानीय प्रशासन, उद्धार समन्वय विभाग र जनसाधारणलाई धन्यवाद!" सामाजिक सञ्जालमा प्रधानमन्त्रीले लेख्नुभएको छ।

तुइनको एउटा डोरी चुँडिएर अर्को डोरीको भरमा आकाशमा नै आठ जना अड्किएका खबर स्थानीय सञ्चारमाध्यमले बिहान सात बजेदेखि प्रकाशन-प्रसारण गरेपछि घर, पसल, चमेनागृह, मल, कार्यालय सबैतिर उनीहरूको उद्धार कहिले र कसरी हुन्छ भन्ने जिज्ञासाका साथ देशभरका पाकिस्तानी टेलिभिजन अगाडि आँखा झिमिक्क नगरी झुम्मिएका थिए।

सारा पाकिस्तानीले तुइनमा अड्किएका सबैको सकुशल उद्धारको कामना गर्दै ईश्वरको प्रार्थना गरेका थिए। उद्धारस्थलमा एकत्र भएका जनसाधारण र पीडितका परिवारजनले सैनिक अधिकृतहरूप्रति आभार व्यक्त अङ्कमाल गरेका थिए। खुशीले गदगद् भएका उनीहरूका आँखाबाट अविरल आँसु बगिरहेको थियो। उद्धार गरिएका सबैको स्वास्थ्य परीक्षण गरी प्राथमिक उपचारपछि उनीहरूलाई घर पठाइएको थियो।

### सुरक्षा कारवाहीमा चार जना आतङ्कवादी मारिए

इस्लामावाद, ६ भदौ (रासस/एएनआई)।

दक्षिणी वजिरिस्तान जिल्लामा सुरक्षाफौजले गरेको पछिल्लो कारवाहीमा चार जना आतङ्कवादी मारिएका छन्।

वजिरिस्तानको अस्मान मञ्जामा मङ्गलवार आतङ्कवादीसँग भएको दोहोरो झडपमा छ जना सैनिक जवान शहीद भएका सेनाको सञ्चार विभागले बुधवार जनाएको हो। कारवाहीमा दुई जना आतङ्कवादी पनि घाइते भएका छन्। झडप भएको स्थानबाट आतङ्कवादीलाई निमिट्यान्न पार्न विशेष कारवाही जारी रहेको जनाइएको छ। साथै सेनाले देशबाटै आतङ्कवादलाई निर्मल गर्न आफू प्रतिबद्ध रहेको बताएको छ।

यसैबीच, पूर्वप्रधानमन्त्री एवं पाकिस्तान मुस्लिम लिग एनका अध्यक्ष शेहवाज शरिफले सुरक्षाफौजको प्रशंसा गर्नुभएको छ। सामाजिक सञ्जालमा उहाँले देशको राष्ट्रिय सेनालाई आफ्नो दलको पूर्ण समर्थन रहेको उल्लेख गर्दै आतङ्कवादलाई परास्त गर्न पाकिस्तानी सैनिकलाई सफलता मिल्ने विश्वास व्यक्त गर्नुभएको छ। साथै उहाँले शहादत प्राप्त गरेको सैनिक जवानप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको छ।

गत वर्ष नोभेम्बरमा प्रतिबन्धित तेहरिक-ए-तालिबान पाकिस्तानले सरकारसँगको युद्धविराम भङ्ग गरेपछि विशेष गरी खैबर पख्तुनख्वा र बलुचिस्तानमा आतङ्कवादी गतिविधिमा वृद्धि भइरहेको बेला सुरक्षाफौजले उक्त प्रान्तमा विशेष अभियान सञ्चालन गरेको छ।

यसैबीच, खैबर पख्तुनख्वाको बारा क्षेत्रमा गुप्तचर सूचनामा आधारित कारवाहीका क्रममा दुई जना आतङ्ककारी मारिएका पाकिस्तानी सेनाको सञ्चार विभागलाई उद्धृत गर्दै दैनिक समाचारपब डनले जनाएको छ। यसै साताको प्रारम्भमा उत्तरी वजिरिस्तानको रामजाक क्षेत्रमा गरिएको कारवाहीमा पनि दुई जना आतङ्ककारी मारिएका थिए।

अन्तरसेवा जनसम्पर्क महानिर्देशक मेजर जनरल अहमद शरीफ चौधरीले गत जुनमा आयोजित एक पत्रकार सम्मेलनमा यो वर्ष गुप्तचर सूचनामा आधारित १३ हजार एक सय १७ वटा सुरक्षा कारवाही सञ्चालन गरेर एक हजार एक सय ७२ जना आतङ्कारीलाई मारेको बताएका थिए।

### हवाई डढेलोः एक हजार एक सय जना बेपत्ता

लस एन्जलस, ६ भदौ (रासस/एएफपी)।

संयुक्त राज्य अमेरिकाको हवाई राज्यको माउई जङ्गलमा लागेको डढेलो मानव बसोबास भएका स्थानमा फैलदा त्यसमा परेर ज्यान गुमाउनेको सङ्ख्या एक सय १५ पुगेको छभने एक हजार एक सय जना अझै बेपत्ता भएका छन्।

भीषण डढेलो लागेको दुई हप्तापछि पनि अझै एक हजार एक सय सर्वसाधारण बेपत्ता भएका सङ्घीय जाँच ब्युरो (एफबीआई)ले जनाएको छ। एफबिआईले मृतकका अवशेषहरू पहिचान गर्न परिवारका सदस्यहरूलाई सघाउन अनुरोध गरेको छ।

एफबिआईले सूचना तथा जानकारी सङ्कलनका निम्ति २४ घण्टा सञ्चालन हुने टेलिफोन सेवा शुरु गरिएको जनाउँदै पीडित परिवार एवं अन्यलाई आफूसँग भएका विवरणबारे अवगत गराउन आग्रह गरेको छ।

प्रचण्ड गर्मीमा ठूलो विपत्ति बनेर आउने वन डढेलो टापुराज्य हवाईका निम्ति अभिषाप बनेको छ। दशकौँपछि भएको यो प्राकृतिक विपत्तिमा सुनामीमा भन्दा धेरैले ज्यान गुमाएका छन्। सन् १९६० को सुनामीमा ६१ जनाको मृत्यु भएको थियो भने त्यसको १४ वर्षअघिको सुनामीमा भने एक सय ६० जनाको मृत्यु भएको थियो।

# अब प्रेस प्रतिनिधि प्रमाणपत्रको अवधि तीन वर्ष हुने

काठमाडौं ६ भदौ (रासस)।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभागले जारी गर्ने प्रेस प्रतिनिधि प्रमाणपत्रको अवधि अब तीन वर्षको हुने भएको छ।

यसअघि यो प्रमाणपत्रको अवधि एक वर्षको हुँदा राजधानीभन्दा बाहिरका पत्रकारलाई समस्या पर्दै आएको थियो। विभागबाट जारी भएका प्रेस प्रतिनिधि प्रमाणपत्र एक वर्षको अवधिका लागि कायम रहने र प्रत्येक वर्ष नवीकरण हुने गरेकोमा अब स्थायी र स्वतन्त्र पत्रकारका हकमा प्रेस प्रतिनिधि प्रमाणपत्रको अवधि तीन वर्ष कायम गरिने विभागका प्रवक्ता भरत गौतम जानकारी दिनुभयो। अस्थायी प्रमाणपत्रको हकमा भने साविककै व्यवस्था निरन्तर रहने उहाँले जानकारी दिनुभयो।

कानूनमा प्रमाणपत्रको अवधि तीन वर्ष भए पनि विभागले एक वर्षभित्र नवीकरण नगरे पुरानो परिचयपत्र खारेज गर्ने गरेको पत्रकारको गुनासो आएपछि सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले यसमा चासो देखाउनुभएको थियो। "हामीलाई खासगरी राजधानी बाहिरका पत्रकार साथीहरूबाट यो गुनासो आएपछि विभागसँग चासो राखेका थियौं, विभागले तत्काल पहल गरेर नयाँ निर्णय गरेपछि प्रेस प्रतिनिधि प्रमाणपत्र अवधि थपिएको छ", सञ्चार तथा सूचना प्रविधिमन्त्रीका सञ्चार विज्ञ नरेन्द्र केसीले भन्नुभयो।

उहाँका अनुसार छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९ को ११(१) मा प्रमाणपत्रको अवधि तीन वर्षको हुने उल्लेख भए पनि अभ्यासमा एक वर्षमै नवीकरण गर्ने प्रचलन रहेकाले त्यसमा सुधार गरेर नियमावलीअनुसार तीन आर्थिक वर्ष नै अवधि बनाउने निर्णयमा विभाग पुगेको हो।

त्यस्तै स्वतन्त्र पत्रकारको परिचयपत्र प्राप्ति र नवीकरणका सवालमा पनि गुनासो आएकाले यसमा पनि सुधारका लागि प्रयास थालिएको उहाँले जानकारी दिनुभयो। "लामो समयसम्म पत्रकारितामा लागिरहेका अग्रजले स्वतन्त्र पत्रकार परिचयपत्र पाउने र नवीकरण गर्ने सवालमा असजिलो भयो भन्ने गुनासो गरिरहनुभएको छ", केसीले भन्नुभयो, "यसलाई सहज बनाउन के गर्न सकिन्छ, छलफल भइरहेको छ, यसमा पनि विभागले गृहकार्य गरिरहेको छ।"

त्यस्तै विभागले एफएम रेडियो इजाजत/लाइसेन्स प्रतिलिपि पनि अनलाइनमै पाउने व्यवस्था गरेको छ। विभागको वेबसाइटको 'अन्य' बाट प्रवेश गरेर निवेदन दिई सोको निर्णयपश्चात् विभागबाट निवेदकको सम्बन्धित जिल्ला हुलाक कार्यालयमा सो प्रतिलिपि पठाइने व्यवस्था मिलाइएको विभागका प्रवक्ता गौतमले जानकारी दिनुभयो।

# विश्वकै पहिलो भारतीय स्पेश मिशनः चन्द्रयान-३ को सफल अवतरण

**दैनिक समाचारदाता**
**काठमाडौं, ६ भदौ।**

भारतीय अन्तरिक्षयान चन्द्रयान-३ सफलतापूर्वक चन्द्रमामा अवतरण भएको छ। बुधबार भारतीय समयअनुसार साँझ ६ बजेर ४ मिनेटमा चन्द्रयान-३ यान चन्द धरातलमा अवतरण भएको हो।

भारतको यो पहिलो अन्तरिक्षयान हो, जुन पृथ्वीको उपग्रहमा अवतरण भएको छ। रुस, अमेरिका र चीनपछि भारत यो सफलता हात पार्ने चौथो देश बनेको छ।

अवतरणपछि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यो एक अविश्मरणीय भएको बताएका छन्। प्रधानमन्त्री मोदी ब्रिक्स सम्मेलनका क्रममा साउथ अफ्रिकाको राजधानी जोहनेस्वर्गमा रहेका छन्।

चन्द्रमाको सतहमा यसअघि अमेरिका, रुस र चीनमात्रै सफलतापूर्वक अवतरण गराएका छन्।

इन्डियन स्पेस रिसर्च अर्गनाइजेसन (इसरो)ले गत असार २९ गते दक्षिण भारतको आन्ध्र प्रदेशस्थित सतिश धावन अन्तरिक्ष केन्द्रबाट प्रक्षेपण गरिएको थियो। 'एलभीएम-३' रकेटले अन्तरीक्षयानलाई अन्तरिक्षमा पुर्याएको थियो।

भारतले अन्तरिक्षयानलाई चन्द्रमाको अर्बिट (कक्ष) मा सफलतापूर्वक पुर्याएको यो तेस्रो पटक हो। इसरोले यसअघि नै अगस्ट ५ मा 'चन्द्रयान-३' चन्द्रमाको कक्षमा पुग्ने बताएको थियो। भारतको यो मिसन सफल भएमा चन्द्रमाको सतहमा पुग्ने चौथो मुलुक बन्नेछ।

चार वर्षअघि 'चन्द्रयान-२' चन्द्रमामा अवतरण गर्ने क्रममा दुर्घटना भएपछि त्यसलाई थप पुरस्कृत गर्दै भारतले 'चन्द्रयान-३' बनाएको हो। इसरोले दुर्घटना हुन सक्ने सबै किसिमका अवस्था परीक्षण गरेर प्रक्षेपण गरेको छ। यो मिसनका लागि सेन्सर, एलगोरिदिम, इन्जिन, क्याल्कुलेसनलगायतका सबै किसिमका कमजोरी अध्ययन गरिएको हो।

भारतले 'चन्द्रयान-३' मिसनका लागि ६ सय १५ करोड भारतीय रुपैयाँ खर्चको प्रारम्भिक अनुमान छ। मिसनले चन्द्रमाको थप अध्ययनमा सघाउ पुग्ने बताइएको छ। त्यस्तै त्यहाँको रासायनिक र प्राकृतिक अवस्थाबारे पनि अध्ययन गरिने जनाइएको छ।

# कोशी प्रदेशको विश्वासको मतको विवाद पुनः सर्वोच्चमा

काठमाडौं, ६ भदौ (रासस)।

सर्वोच्च अदालतमा कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले विश्वासको मत लिएको विवाद पुनः असंवैधानिक भएको उल्लेख गर्दै रिट निवेदन दायर गरिएको छ।

नेकपा (एमाले) का कोशी प्रदेश संसदीय दलका नेता हिक्मतकुमार कार्कीले कोशी प्रदेश प्रमुख पर्शुराम खापुङ, मुख्यमन्त्री थापालगायतलाई विपक्षी बनाई उक्त रिट निवेदन दायर गर्नुभएको हो। उक्त विवादको सुनुवाइ बिहीबारका लागि तय भएको सर्वोच्च अदालतका प्रवक्ता बिमल पौडेलले जानकारी दिनुभयो।

रिट निवेदनमा यही भदौ ४ गते मुख्यमन्त्री थापाले कोशी प्रदेशसभामा विश्वासको मत परीक्षण गर्दा सभाध्यक्षको मत प्रयोग गरेर विश्वासको मत पाएको घोषणा गर्नु गैरसंवैधानिक भएको उल्लेख छ।

नेपालको संविधानको धारा १६८ को उपधारा २ अनुसार गठन भएको सरकारले विश्वासको मत नपाएको हुँदा संविधानको धारा १६८ को ३ बमोजिम आफूलाई मुख्यमन्त्री नियुक्तिका लागि परमादेशको आदेशको माग रिट निवेदनमा माग गरिएको छ।

*संसद विकास...*

यसमा सरकारी कोषको रकम खर्च गर्दा अपनाउनु पर्ने पारदर्शिता र जबाफदेहिता सम्बन्धी विषय पनि विचारणीय बन्न जाने देखिन्छ।'

विनियोजन ऐन, २०८० को रुपमा पारित आर्थिक वर्ष २०८०।८१ को बजेट वक्तव्यको बुँदा नं ४४५ सँग सम्बन्धित व्यवस्था र सातवटै प्रदेशका व्यवस्थापिकाहरूको आर्थिक वर्ष २०८०/०८१ को विनियोजन ऐनमा व्यवस्था गरिएका समान प्रकृतिका संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम सम्बन्धित व्यवस्थाहरु तथा ती व्यवस्थाहरुको लागि छुट्याइएको विनियोजित रकम खर्च गर्ने कार्य प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्म कार्यन्वयन नगर्न अन्तरिम आदेश जारी गरिदिएको छ।

सरकारले बजेटमार्फत प्रतिनिधि सभाका प्रत्यक्ष निर्वाचित सांसदले आफ्नो निर्वाचन क्षेत्रमा पाँच लाख रुपैयाँ विभिन्न योजनामा खर्च गर्न पाउनुपर्ने व्यवस्था गरेको छ। प्रदेशहरुले पनि संघीय सरकारको सिको गर्दै सांसदले खर्च गर्न पाउने गरी रकम छुट्याएका छन्।

# बस दुर्घटनामा ८ जनाको मृत्यु

**दैनिक समाचारदाता**
**काठमाडौं, ६ भदौ।**

धादिङको गजुरीमा भएको बस दुर्घटनामा कम्तिमा पनि ८ जनाको मृत्यु भएको छ।

प्रहरीले उद्धार गरेकामध्ये ८ जनाको मृत्यु भएको छ भने ५ जना घाइते अवस्थामा फेला परेका इलाका प्रहरी कार्यालय गजुरीका प्रहरी निरीक्षक दीपक न्यौपानेले जानकारी दिए।

'मृत्यु भएकामध्ये दुई जनालाई हामीले बसमुनीबाट निकालेका हौं,' न्यौपानेले केहीबेरअघि भने, 'हामी अहिले पनि उद्धारमै छौं।

काठमाडौंबाट पोखरा जाँदै गरेको प्रदेश ३-०१-००५ ख ९९५२ नम्बरको बस बुधबार बिहान करिब ११ बजे त्रिशूली नदीमा खसेको हो।

धादिङ प्रहरीका अनुसार पृथ्वी राजमार्गअन्तर्गत धादिङको गजुरी गाउँपालिका-२, स्थित चालिसेबाट बस त्रिशूली नदीमा खसेको छ।

प्रहरी निरीक्षक न्यौपानेले मृतकको संख्या बढ्न सक्ने बताए। 'बसमा कति यात्रु सवार थिए, खुलेको छैन,' उनले भने, 'हामी सम्पूर्ण विवरण संकलन गरिरहेका छौं।'

दुर्घटनास्थलमा सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन सुरक्षा बेस आदमघाटबाट डीएसपीको कमाण्डमा ६ जना र विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिन्टारबाट अर्का डीएसपीको कमाण्डमा ८ जना गोताखोरसहित २६ जना सशस्त्र प्रहरीको टोली उद्धारमा खटिएको छ।


## बिमालेख कागजात हराएको सूचना

सिरहाको लहान बजारबाट घरतर्फ आउने क्रममा मिति २०८० श्रावण २ गतेका दिन सप्तरीको शम्भुनाथ नगरपालिका निवासी **सपना कुमारी विश्वकर्मा**को नाममा नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड लहान शाखाको **बिमालेख नम्बर २०३०४०७२४** को बिमालेखा लगायतका महत्वपुर्ण कागजात हराएको हुदाँ पाउनु हुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा उहाँको सम्पर्क नम्बर ९८२३५५९३६७ सम्पर्क गरी बुझाई दिनुहुन हार्दिक अनुरोध छ।

## डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

## डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*